# ठोरी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

| |
|---|
| गाउँ कार्यपालिकाबाट प्रस्तुत मितिः २०८१।१०।२९ |

| |
|---|
| गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१।१०।२९ |

ठोरी गाउँ कार्यपालिकाबाट पारित यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) सहित ठोरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा, नेपाल
मधेश प्रदेश, २०७४

.............................
लाल बहादुर श्रेष्ठ
(अध्यक्ष)
मितिः २०८१।१०।२९

## ठोरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घ्याङ्गडाँडा, पर्सा
## मधेश प्रदेश, नेपाल

प्रस्तवनाः

ठोरी गाउँपालिकामा छिटो छरितो, मितव्ययी, पारदर्शी रुपमा आर्थिक सहायता प्रदान गर्न गाउँपालिका कोषको सहि सदुपयोग गरी गरिब, विपन्न, असहाय, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी दुर्घटनामा परेको, ठुलो शल्यक्रिया गर्नु पर्ने रहेका व्यक्तिहरुको सहायताका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) सहित ठोरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ठोरी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "ठोरी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा ठोरी गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने ऐन) २०७५ लाई समेत सम्झनु पदर्छ ।

ख. "गाउँपालिका" भन्नाले ठोरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग. "प्रमुख" भन्नाले गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

घ. प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पदर्छ ।

ङ. "सभा" भन्नाले ठोरी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

च. "कार्यपालिका" भन्नाले ठोरी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ. "गाउँबासि" भन्नाले ठोरी गाउँपालिकामा स्थायी वा अस्थायी रुपले बसोवास गर्ने व्यक्तिलाई सम्झनुपर्दछ।

ज. "आर्थिक सहायता" भन्नाले ठोरी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्दछ।

## परिच्छेद २

## आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु

३. आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरुः

यस गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा सम्भाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) आर्थिकरुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह,

(ख) मानवीयहीत, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका व्यक्ति वा समूह,

(ग). उपर्युक्त आधारहरुलाई मध्यनगर गर्दै आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनि गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मतरुपमा निर्णय गरिए बमोजिमका लक्षित वर्गको मानवीय हीतका लागि समर्पित गैह्र नाफामूलक संघ तथा संस्थाहरु,

(घ) विभिन्न रोग तथा दीर्घरोग लागेर उपचार गर्न नसकेको वा उपचार गराइरहेको व्यक्तिहरु,

(ङ) ठुला रोगहरु क्यान्सर, मृगौला, मुटु सम्बन्धी विरामीहरुलाई,

(च) जेष्ठ नगरिक, अपाङ्ग, एकल महिला लगायतलाई

(छ) नेपाल सरकार वा अन्य निकायबाट प्रदान हुने आर्थिक सहायता प्राप्त गर्न नसकेका विपन्न नागरिक

## परिच्छेद-३
## आर्थिक सहायता प्रास हुने मानवीय संकटहरु

४. गाउँपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरुः ठोरी गाउँपालिकाको भौगोलिक, आर्थिक, सामाजिक र साँस्कृतिक विविधताको गाउँपालिका भएकोले यस गाउँपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरु निम्नअनुसार रहेका छन् ।

(१) प्रकृतिक तथा मानवजन्य संकटहरु

१. बाढी पहिरो
२. घरपालुवा तथा जंगली जनावरको आक्रमण
३. आगोलागी
४. भुकम्प
५. वेवारिसे मृत्यु
६. चटयाङ्ग
७. सडक दुर्घटना
८. हुरी बतास
९. करेन्ट, साधन तथा औजार

(२) महामारी तथा दीर्घरोगजन्य

१. क्यान्सर
२. एच.आइ.भी.एड्स
३. मृगौला
४. पार्किन्सन्स
५. मुटुरोग
६. अल्जाइमर्स
७. स्पाईनल इन्जुरी
८. हेड इन्जुरी
९. सिकलेस एनिमिया
१०. अन्य महामारी

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, मधेश प्रदेश, नेपाल
२०७४

परिच्छेद-४

आर्थिक सहायता प्राप्त हुने संस्थागत क्षेत्रहरु

५. आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनि गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मत रुपमा निर्णय गरिए बमोजिमका लक्षित वर्गको मानवीय हीतका लागि समर्पित गैह्र नाफामूलक संघ, संस्थाहरु आर्थिक सहायता प्राप्त गर्न योग्य रहनेछन् ।

६. जातिय धर्म संस्कृतिको जगेर्ना गर्नका निमित्त स्थापना भएका संघ/संस्थाहरुको हकमा सम्बन्धित कार्य गर्नको निमित्तमात्र गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मतरुपमा निर्णय गरिए बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य रहनेछन् ।

परिच्छेद-५

आर्थिक सहायता रकम

७. आर्थिक सहायता रकम तथा वितरण प्रकृयाः

परिच्छेद ३ बमोजिमका संकटहरु पूर्णरुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएता पनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको आर्थिक सहायता प्रदान गरिनेछ ।

(१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिस तथा अन्य आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) रु.२५०००/-सम्मको आर्थिक सहायता सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्य कागजातहरु पेश भई आएमा गाँउपालिका प्रमुखले उपलब्ध गराउन सक्नेछ।

(ख) रु.२५०००/- भन्दा माथिको आर्थिक सहायता गाँउ कार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्नेछ।

८. आर्थिक सहायता वितरणका पूर्वशर्तः

यस कार्यविधी बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति तथा सामुदायिक संस्था, संघ वा संगठनको लागि देहायको पूर्वशर्त पूरा गरेको हुनुपर्नेछः-

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा भई गाँउपालिकाको पेश्की बेरुजु नभएको,

(ख) गाँउपालिकालाई नियमानुसार तिर्नु पर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

(ग) संगठित संघ/संस्थाको हकमा कर चुक्ता प्रमाणपत्र गरेको,

(घ) नेपाल सरकारको कुनै निकायमा विधि पूर्वक दर्ता भएको वा गाँउपालिका भित्र स्थापना भएको संगठित संघ/संस्था वा समूहको हकमा नियमानुसार यस गाँउपालिकामा दर्ता भएको।

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भई आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको।

९..स्थलगत अनुगमन समितिः

यस गाँउपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाँउ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाँउ कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तरको कर्मचारी | संयोजक |
| (ख) आर्थिक सहायता प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक | सदस्य |
| (ग) प्रशासन शाखाको प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखाका प्रमुख | सदस्य |
| (ङ) ईन्जिनियर वा सब ईन्जिनियर मध्येबाट १ जना | सदस्य |

१०. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः

यसअघि यस गाँउपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

११. कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघटः

यस कार्यविधीको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट गाँउ कार्यपालिकाले गर्नेछ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

अनुसूची-१ (व्यक्तिको हकमा)
(बुँदा नं.४.१ सँग सम्बन्धित)

मितिः.................................

श्री अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत ज्यू
ठोरी गाँउ कार्यपालिकाको कार्यालय,
घ्याङ्गडाँडा, पर्सा ।

विषयः आर्थिक सहायता उपलब्ध गराई पाउ बारे ।

महोदय,

प्रस्तुत विषयमा पर्सा जिल्ला ठोरी गाउँपालिका वडा नं.....,.................................निवासी मलाई...................................................गर्नुपर्ने भएकोले सोको लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर तथा दयानिय रहेकोले..........................(अक्षरेपी...................................................) उपलब्ध गराइदिनुहुन तपशिलको प्रमाण कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु । साथै मेरो यस गाँउपालिकासँग सम्बन्धित तिर्नु बझाउनु वा फछ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ।

<u>भवदीय</u>

दस्तखतः

नाम, थरः

स्थायी ठेगानाः

सम्पर्क मो.नं.

<u>तपसिल</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान,
२. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

अनुसूची १ क (संगठित संस्थाको हकमा)

(बुँदा नं.४.१सँग सम्बन्धित)

मितिः.................................

श्रीमान् प्रमुखप्रशासकीय अधिकृत ज्यू

ठोरी गाँउ कार्यपालिकाको कार्यलय,

घ्याङ्गडाँडा, पर्सा ।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा पर्सा जिल्ला ठोरी गाउँपालिका वडा नं.......,..............................निवासी रहेको.........................................................संस्था/समूह/संघलाई...................................... ...............................गर्नुपर्ने भएकोले संस्था समूह, संघबाट विनियोजित रकम अपुग भएकोले सो प्रयोजनका लागि रु.......................(अक्षरेपी.........................................................................)उपलब्ध गराइदिनुहुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाँउपालिकासँग सम्बन्धित तिर्नु बझाउनु वा फछ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको, नियमानुसार गाँउपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा दर्ता भएको अवगत गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्रास गरेको हो सोही प्रयोजनका लागि खर्च गरिने व्यहोरा समेत अनुरोध छ।

संगठित संस्थाको तर्फबाट

१. अध्यक्ष वा प्रमुखको नाम, थरः

२. संस्थाको ठेगानाः

३. सम्पर्क नम्बरः

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान

२. संगठित संस्थाको हकमा दर्ता तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।